मितिः २०८२/०२/२५
समयः दिनको २:०० बजे

आज मिति २०८२ साल जेष्ठ महिनाको २५ गते आइतवारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको सैतिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिव थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | सोविता |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री माया लामीछ | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, श्री वीर बहादुर खड्का | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, श्री मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर आठौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ६. | प्राविधक शाखा | अधिकृत स्तर सातौं श्री सुम्नीमा राई | |
| ७. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र वोहरा | |
| ८. | सूचना'प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ९. | प्रशासन शाखा | प्रा.स. श्री रामबावु वस्नेत | |
| १० | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

Scanned with CamScanner

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०२/२५ गतेको सैतिसौं कार्यपालिका बैठकको निर्णय

**निर्णय नं.१:- १५ औं नगरसभा सम्बन्धमा ।**

१.१:- नीति तथा कार्यक्रम सम्बन्धि ~~सुझाव संकलन गरियो सो~~ संकलित सुझावहरुलाई समावेश गरी मस्यौदा परिमार्जन सहित आगामी आषाढ ०३ गतेको कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.२:- बिषयगत समितहरुबाट पेश भएको सुझावहरु उपर छलफल भई उपयुक्त र सान्दर्भिक बिषयहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

१.३:-गोकर्णेश्वर नगरपालिकाको आगामी आर्थिक वर्ष ०८२/०८३ को आर्थिक विध्ययकमा समेट्न पर्ने आवश्यक र उपर्युक्त सुझावहरु समेटी आगामी आषाढ ०३ गतेको कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:- आवधिक योजनाको प्रतिवेदन उपर छलफल सम्बन्धमा ।**

गोकर्णेश्वर नगरपालिकाको विषयक्षेत्रगत नीति तथा कार्यक्रम र योजनालाई समेट्ने गरी तयार भएको आवधिक योजनाको प्रस्तुत प्रतिवेदन उपर छलफलबाट उठेका सवालहरुलाई सम्बोंधन गरी परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:- अनुमोदन सम्बन्धमा ।**

मिति २०८२/०२/०६ मा गोकर्णेश्वर नगरपालिका नगर शिक्षा समितिले गो.न.पा. वडा नं.६ स्थित बुद्द एकेडेमी आवाशिय माध्यामिक विद्यालयको समस्या समाधानार्थ पुनः गठित कार्यदललाई समितको निर्णय सिफारिस बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:- विविध सम्बन्धमा ।**

४.१:- गोकर्णेश्वर नगरपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुलाई संचय कोष कट्टी गर्ने व्यवस्था गर्नका लागि ~~समिति~~ नगरसभामा नगरपालिकालाई पर्न जाने थप दायित्व समेत उल्लेख गरी निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

४.२:- यस नगरपालिकामा अधिकृतस्तर छैठौं तहमा कार्यरत कर्मचारी श्री राम प्रसाद पाण्डेय (क.सं.नं. २१८०१२) र यस नगरपालिकाको ९ नं. वडा कार्यालयमा वरिष्ठ सहायक, सहायकस्तर पाँचौ तहमा कार्यरत कर्मचारी श्री संगीता बराल (क.सं.नं. २२८६८२) ले मिति २०८२/०२/२३ गते यस कार्यालयमा पेश गरेको निवेदनबाट श्री संघीय मामिला तथा समान्य प्रशसान मन्त्रालय, (मानव संसाधन योजना शाखा) सिंहदरबार, काठमाडौंको च.नं. ६०१, मिति २०८२/०२/११ गतेको वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धिको सूचना अनुसार मित्र राष्ट्र दक्षिण कोरियाद्वारा सन् २०२६ मा संचालन हुने Handong Global University मा स्नातकोत्तर तहमा "Master's Degree Program in e-Government and Public Management" विषयमा अध्ययन गर्न अध्ययन मनोनय माग गरिएकोले बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ अनुसार निजहरुको सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने माथि उल्लेखित विषयमा अध्ययन गर्न मनोनयन गरी आवश्यक कार्यार्थको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

४.३:- ५.२:-आ.ब.०८१/०८२ को नगरस्तरीय भुक्तानी दायित्व पूँजिगत ( नेपाल सरकार सम्मानिकरण अनुदान, राजस्व बाँडफाँड प्रदेस सरकार र राजस्व बाँडफाँड स्थनीय ) बाट खर्च लेखिने गरी देहाय बमोजिमका योजना कार्यक्रम संचालन तथा भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.६ सर्वेश्वर मन्दिर तलको सडकमा ढल निर्माण ह्युम पाईप तथा खन्ने पुर्ने कार्यको भुक्तानी | रु.८,००,०००/- | |
| २ | अक्सिजन कन्सन्ट्रेटर खरिदको भुक्तानी | रु.१०,००,०००/- | |
| ३ | वडा नं.१ श्यामहरी पोखरेलको घर मुनीको पहिरो नियन्त्रण गर्न | रु.५,००,०००/- | |
| ४ | वडा नं.४ स्थित डठुटोलमा पहिरो नियन्त्रण गर्न | रु.५,००,०००/- | |
| ५ | मालपोत कार्यालय, साँखु को लागि मोठ ब्राण्डिङ, ठेली मर्मत, मसिनरी मर्मत, फर्निचर मर्मत र कार्यालय समान तथा छपाईका लागि | रु.५,००,०००/- | |
| ६ | वडा नं.१ बराहचोक हुँदै खड्कागाउँ जाने सडक स्तरोन्नती | रु.१०,००,०००/- | |
| ७ | विपद व्यवस्थापन | रु.७५,००,०००/- | |
| ८ | नगर प्रमुख तथा नगर उप प्रमुख पुँजिगत कार्यक्रम | रु.४५,००,०००/- | |



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०२/२५ गतेको सैतिसौं कार्यपालिका बैठकको निर्णय

४.४:-आ.ब.०८१/०८२ को नगरस्तरीय भुक्तानी दायित्व चालू ( नेपाल सरकार सम्मानिकरण अनुदान,, राजस्व बाँडफाँड प्रदेस सरकार ) बाट खर्च लेखिने गरी देहाय बमोजिम योजना कार्यक्रम संचालन तथा भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.९को स्वास्थ्यचौकि व्यवस्थापन तथा विषेशज्ञ चिकित्सक सेवा संचालनका | रु.२,००,०००/- | |
| २ | मर्मत सम्भार | रु.१७,००,०००/- | |
| ३ | ईन्धन | रु.१५,००,०००/- | |
| ४ | मसलन्द | रु.३०,००,०००/- | |
| ५ | विविध | रु२०,००,०००/- | |
| ६ | आर्थिक सहायता औषधी उपचार | रु.५,००,०००/- | |
| ७ | अन्य चालू कार्यक्रम | रु.७,९४,०००/- | |
| ८ | नगर प्रमुख तथा नगर उपप्रमुख चालु कार्यक्रम | रु.३५,००,०००/- | |

४.५:- आ.ब.०८१/०८२ को १३औं र १४औं नगरसभाबाट स्वीकृत वजेट तथा कार्यक्रमबाट स्वीकृत योजना मिति २०८२ साल वैशाख मसान्त भित्र सम्ममा सम्झौता गरिसक्नु पर्ने साथै पूर्व म्याद तोकिएको एवं म्याद थप भएको योजनामा सोही वमोजिम र अन्यको हकमा २०८२ जेष्ठ मसान्त भित्र योजनाको फरफारक गरी नगरपालिकाको कार्यालयमा भुक्तानीका लागि पेश गरिसक्नु पर्नेछ भनी नगरपालिकाका सवै शाखाहरु र वडा कार्यालयहरुलाई परिपत्र गर्ने भनी ३५ औं कार्यपालिका बैठकबाट निर्णय भएको भएता पनी देहाय बमोजमका आवश्यक योजना संचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|
| १ | वडा नं.१, वडा स्तरीय पुर्वाधार विकास क्र.स.१३ को बालबालिका तथा जेष्ठ नागरिक पार्क निर्माण | रु.३,००,०००/- |
| २ | वडा नं.१, वडा स्तरीय पुर्वाधार विकास क्र.स.१४ को भट्टे डाँड खानेपानी ट्याङ्की मर्मत तथा स्तरोन्नती | रु.३,००,०००/- |

४.६:- आर्थिक वर्ष ०८१/०८२ को वडा नं.१ वडा स्तरीय कार्यालय संचालन तथा प्रशासनिक तर्फको क्र.स.५ को वडा प्रोफाइल निर्माण शिर्षकमा विनियोजित रु.५,००,०००/-ले अपुग भएकोले वडा नं.१ वडा स्तरीय कार्यालय संचालन तथा प्रशासनिक तर्फको क्र.स२ को वडा अध्यक्षसँग युवा तालिम तथा क्षमता अभिवृद्दी कार्यक्रमको रु.३,००,०००/-लाई संशोधन गरी वडा प्रोफाइल निर्माण शिर्षकमा गाभी वडा प्रोफाइल निर्माण शिर्षकमा रु.८,००,०००/- कायम गरी वडा प्रोफाइल निर्माणको कार्य गर्ने निर्णय गरियो ।



Scanned with CamScanner